REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 15.01.2025

## WEST SIKKIM ROAD

राज्यका सड़क तथा पुल विभागका मन्त्री श्री नरबहुर दाहालले आज पश्चिम सिक्किमको उत्तरेदेखि भारत नेपाल सीमा क्षेत्र चिवाभञ्ज्याङसम्म जोड़िने बीस किलोमिटर लामो निर्माणाधीन सड़कको निरीक्षण गर्नुभयो।

उहाँसित अन्य सम्वन्धित अधिकारीहरू वाहेक शिक्षामन्त्री श्री राजु बस्नेत र विधायक तथा सड़क एवं पुल विभागका सल्लाहकार श्री इरूङ तेञ्जिङ लेप्चा पनि जानुभएको थियो।

निरीक्षण भ्रमणपछि पत्रकारहरूलाई सम्बोधन गर्दै मन्त्री श्री दाहालले भन्नुभयो आँउदो दुई वर्षभित्र यस सड़कको निर्माणकार्य पूरा गरेर जनताका लागि समर्पित गरिनेछ।

उहाँले सड़कनिर्माणपछि भारत नेपालबीच व्यापार शुरू हुन सक्ने सम्भावना रहेको कुरो पनि बताउनु भयो।

दाहलले भन्नुभयो चिवाभञ्ज्याङ पर्यटकीय दृष्टिले महत्वपूर्ण हुनका साथै नेपाल भारत सीमा क्षेत्र भएकाले सड़क पूर्वाधारको विकास आवश्यक छ।

उहाँले भन्नुभयो मुख्यमन्त्री श्री प्रेमसिंह तामङको नेतृत्वमा राज्य सरकारले नागरिहरूलाई यातायात सुविधा उपलब्ध गराउने र पर्यटन प्रवर्द्धन गर्ने दिशातर्फ सड़क विकास कार्यलाई तीब्रता दिएको छ।

मन्त्रीले क्षेत्रमा तैनात सशस्त्र सीमा बल र सिक्किम सशस्त्र पुलिस कर्मीहरूसित अन्तर्क्रिया गरी उनीहरूले झेल्न परिरहेका समस्याहरूबारे पनि जानकारी लिनुभयो।

## Modern Projects inaugurated

गान्तोक जिल्ला प्रशासनिक केन्द्रमा उन्नत आधुनिक प्रशासनिक व्यवस्था शुरू गेर यसको दर्जा बढाइएको छ।

बुर्तुक निर्वाचन क्षेत्रकी विधायक श्रीमती कला राईले आज प्रशासनिक केन्द्र परिसरका विभिन्न परियोजनाहरूको उद्घाटन गर्नुभय़ो।

यीमध्ये नवीकृत एकल विन्डो प्रणाली र सुन्दरीकरण परियोजनाहरू पनि सामेल छन्।

कार्यक्रमको एक भागको रूपमा उहाँले सार्वजनिक सेवा व्यवस्थालाई सुदृढ व्यवस्थालाई सुदृढ बनाउने उद्देश्यले शुरू गरिएको टोकन प्रबन्धन प्रणालीको शुभारम्भ गर्नुभयो।

जिल्लाधीश श्री तुषार निखरेले उहाँलाई यस प्रणालीका कार्यहरूबारे जानकारी दिनुभयो।

विधायकले गान्तोकका महकुमा अधिकारी सहायक मजिस्ट्रेटका कार्यालयहरूको उद्घाटन गर्न बाहेक अनलाइन अवकाश प्रणालीको पनि सुरूवात् गर्नुभयो।

नवोन्मेशी र परिवर्तनकारी पहलहरू लागू गरिएकोमा जिल्ला प्रशासनिक केन्द्रका अधिकारीहरूलाई बधाई दिँदै श्रीमती राईले जनता र प्रशासनका लाभार्थ समर्पित भावले एक जुट भएर काम गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

## 16TH FINANCE COMMISION VISIT

सोह्रौं वित्त आयोगको आँउदो उन्नाइस जनवरीदेखि तेइस जनवरीसम्म सिक्किम भ्रमण गर्ने कार्यक्रम छ।

मुख्य प्रशासक तथा क्याविनेट सचिव श्री विजय भूषण पाठकले आज गान्तोकमा बसेको बैठकमा आयोगको भ्रमणको तयारीबारे समीक्षा गर्नुभयो।

यस अवसरमा मुख्य सचिव श्री आर. तेलाङ्ग पुलिस महानिदेशक श्री अक्षय सचदेवा, विभाग प्रमुखहरू, जिल्लाधीशहरू र सम्बन्धित विभागका अधिकारीहरूको उपस्थिती थियो।

## Sikkim INSPIRES Programe

राज्यको कौशल विकास विभागको Sikkim INSPIRES कार्यक्रमको माध्यमद्वारा तेह्रजना महिला नर्सहरूले जर्मनीको स्वास्थ्य क्षेत्रमा नोकरी पाएका छन्।

उनीहरूलाई केरालामा जर्मन भाषामा प्रशिक्षण दिइएको थियो।

तेह्रजना मध्ये चारजना यसै महीनाको अन्तसम्ममा र अरू नौजना आउँदो मार्च महीनासम्ममा जर्मनी प्रस्थान हुनेछ।

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले जोरथाङमा आयोजित माघे संक्रान्ति मेलामा हिजो उनीहरूको अभिनन्दन गर्नुभयो।

जर्मन भाषा प्रशिक्षण कौशल विकास विभाग वाणिज्य तथा उद्योग विभाग अनि योजना तथा विकास विभागको संयुक्त प्रयास हो।

यस पहलले महिला सशक्तिकरण अन्तर्राष्ट्रिय व्यावसयको मार्ग खुल्ला गर्ने र वैश्विक मञ्चमा सिक्किमको असाधारण प्रतिभा दर्शाउने सिक्किमको प्रतिबद्धता दर्शाउछ।

सिक्किम INSPIRES कार्यक्रम राज्यका युवाहरूको रोजगार क्षमता बृद्धि गर्ने र गैरकृषि क्षेत्रहरूमा कौसल आधारित आर्थिक वृद्धिका लागि वैश्विक साझेदारी बढाउने उद्देश्यले तयार पारिएको ध्वजबाहक कार्यक्रम हो।

माघे मेलामा कौशल विकास विभाग अधिनका विभिन्न योजनाहरूमा प्रशिक्षण लिएर अहिले प्रतिष्ठित संस्थानहरूमा कार्यरत वा स्वरोजगार अप्नाएका सातजना महिलाहरूलाई पनि अभिन्दन गरियो।

## GOLD CUP FOOTBALL

Church Boys United Nepal दशौं अखिल भारतीय मुख्यमन्त्री स्वर्णकप फुटबल टुर्नामिेण्टको सेमिफाइनलमा पुगेको छ।

जोरथाङ फुटबल मैदानमा आज भएको टुर्नामेिण्टको तेस्रो क्वार्टर फाइनल म्याचमा नेपाल टीमले जर्ज टेलीग्राम कोलकतालाई चार गोलले परास्त गर्यो।

पराजित टीमले एउटै गोल पनि गर्न सकेन।

District football tournament

अर्कातिर सोरेङ जिल्ला अन्तर जिल्ला खुल्ला महिला फुटबल टुर्नामेण्टको सेमिफाइनलमा पुगेको छ।

खेल तथा युवा मामिला विभागद्वारा आयोजति टुर्नामेण्ट अन्तर्गत आज भएको दोस्रो क्वार्टर फाइनल म्याचमा सोरेङले गान्तोक जिल्लालाई तीन गोलले परास्त गर्यो।

पराजित टीमले एउटै गोल पनि गर्न सकेन।

WEATHER

राज्यको मौसम विज्ञान विभागबाट प्राप्त जानकारी अनुसार गान्तोक र वरपर क्षेत्रहरूमा बितेको चौबिस घण्टामा पन्ध्र दशमलउ पाँच डिग्री सेल्सियस र न्यूनतम तापमान छ दशमलउ सात डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागले भोलि सोह्र जनवरीमा अधिकतम तापमान चौध डिग्री सेल्सियस र न्यूनतम सात डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ, भोलि आकाशमा आंशिक बादल छाउनेछ।